# रमजान महिनाको श्रेष्ठता

[ नेपाली - Nepali - نيبالي ]

लेखकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः मुहम्मद इदरीस सलफी

2014 - 1435

IslamHouse.com

# فضائل شهر رمضان

« باللغة النيبالية »


تأليف: عتيق الرحمن محمد إدريس خان مكي

مراجعة: محمد إدريس سلفي



2014 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिल्हो फला हादिया लहु व अश्हदो अल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दुहु व रसूलुहु । (अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घरपरिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा मैले रमजान महिनाको श्रेष्ठतालाई वर्णन गर्ने प्रयास गरेको छु, र साथै यसबारेमा वर्णन गरिने जईफ र मिथ्या हदीसहरुलाई पनि कुरआन र हदीस र विद्वानहरुको कथनको प्रकाशमा प्रस्तुत गर्ने प्रयत्न गरेको छु ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ। र अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)


**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०**

**Mob.00977-9727649238**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

व्रतको शाब्दिक अर्थ हो : रुकनु, छाडनु... आदि ।

र यसको वैधानिक अर्थ हो: विशेष समयमा विशेष र्शतहरुको साथ विशेष कुराहरुबाट रुक्नु ।

अल्लाहले केही मान्छेलाई केही माथि प्रधानता र श्रेष्ठता प्रदान गरेको छ । यस्तै अल्लाहले केही स्थानलाई केहीमाथि श्रेष्ठता प्रदान गरेको छ, उस्तै रमजानलाई अरु महिनाहरु मथि श्रेष्ठता प्रदान गरेको छ । र म यस सानो पुस्तिकामा यसैबारेमा केही वर्णन गर्ने प्रयास गरेको छु ।

त केहीलाई केहीमाथि श्रेष्ठता प्रदान गर्नु अल्लाहको विशेष पद्धति र तरिका हो जस्तो कि अल्लाहको भनाई छ :

﴿ ۞ تِلْكَ ٱلرُّسُلُ فَضَّلْنَا بَعْضَهُمْ عَلَىٰ بَعْضٍ مِّنْهُم مَّن كَلَّمَ ٱللَّهُ ۖ وَرَفَعَ بَعْضَهُمْ دَرَجَـٰتٍ ۚ وَءَاتَيْنَا عِيسَى ٱبْنَ مَرْيَمَ ٱلْبَيِّنَـٰتِ وَأَيَّدْنَـٰهُ بِرُوحِ ٱلْقُدُسِ ۗ وَلَوْ شَآءَ ٱللَّهُ مَا

ٱقۡتَتَلَ ٱلَّذِينَ مِنۢ بَعۡدِهِم مِّنۢ بَعۡدِ مَا جَآءَتۡهُمُ ٱلۡبَيِّنَٰتُ
وَلَٰكِنِ ٱخۡتَلَفُواْ فَمِنۡهُم مَّنۡ ءَامَنَ وَمِنۡهُم مَّن كَفَرَۚ وَلَوۡ شَآءَ
ٱللَّهُ مَا ٱقۡتَتَلُواْ وَلَٰكِنَّ ٱللَّهَ يَفۡعَلُ مَا يُرِيدُ ﴿٢٥٣﴾ البقرة:
٢٥٣

अर्थ : यी पैगम्बरहरू हुन् । तिनीहरूमध्ये हामीले केहीमाथि केहीलाई प्रधानता प्रदान गरेका छौं । केही यस्ता छन् जोसित अल्लाहले कुरा गऱ्यो र केहीका दर्जा उच्च बनायो र मरियमको पुत्र ईसालाई चमत्कारहरू प्रदान गऱ्यौं र रूहुल्कुद्सद्वारा (पवित्र आत्मा) उनलाई मद्दत पुऱ्यायो । यदि अल्लाहले चाहेको भए, तिनीभन्दा पहिलेका मानिसहरू आफ्ना छेउ निशानीहरू आइसकेपछि आपसमा कदापि युद्ध गर्दैनथे, तर तिनीहरूले मतभेदका कुरा गरे, तिनीहरूमध्ये केही त आस्तिक भइहाले र केही काफिर नै रहे । र यदि अल्लाहले चाहेको भए यी मानिसहरू आपसमा लड्ने थिएनन्, तर अल्लाहले जे चाहन्छ, गर्दछ । ( सूरतुल् बकर: २५३ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ ٱنظُرۡ كَيۡفَ فَضَّلۡنَا بَعۡضَهُمۡ عَلَىٰ بَعۡضٖۚ وَلَلۡأٓخِرَةُ أَكۡبَرُ دَرَجَٰتٖ وَأَكۡبَرُ تَفۡضِيلٗا ٢١ ﴾ الإسراء: ٢١

अर्थ : हेर ! हामीले कसरी केहीलाई केही माथि प्रधानमा प्रदान गरेका छौं र आखिरत ( अन्तिममा) त श्रेणीहरूमा धेरै उच्च छ र महत्वमा निकै बढि छ । ( सूरतुल् इस्रा २१ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَرَبُّكَ أَعۡلَمُ بِمَن فِي ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِۗ وَلَقَدۡ فَضَّلۡنَا بَعۡضَ ٱلنَّبِيِّـۧنَ عَلَىٰ بَعۡضٖۖ وَءَاتَيۡنَا دَاوُۥدَ زَبُورٗا ٥٥ ﴾ الإسراء: ٥٥

अर्थ : आकाशहरू र पृथ्वीमा जे जति छन्, तिनीहरूको बारे तपाईको पालनहारलाई सबै राम्ररी थाहा छ हामीले केही संदेष्टाहरूलाई केही माथि प्रधानता प्रदान गऱ्यौं र दाऊदलाई हामीले "ज़बूर" दियौं । ( सूरतुल् इस्रा ५५ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَلَقَدۡ ءَاتَيۡنَا دَاوُۥدَ وَسُلَيۡمَٰنَ عِلۡمٗاۖ وَقَالَا ٱلۡحَمۡدُ لِلَّهِ ٱلَّذِي فَضَّلَنَا عَلَىٰ كَثِيرٖ مِّنۡ عِبَادِهِ ٱلۡمُؤۡمِنِينَ ١٥ ﴾ النمل: ١٥

अर्थ : र हामीले निश्चयनै "दाऊद" र "सुलैमान -अलैहिस्सलाम)लाई" ज्ञान प्रदान

गरेका थियौं । र उनी दुवैले भने कि सम्पूर्ण प्रशंसा अल्लाहकै लागि छ जसले हामीलाई आफ्नो धेरैजसो ईमानवाला दासहरूको दाँजोमा श्रेष्ठता प्रदान गर्‍यो । ( सूरतुन् नम्ल १५ )

त उपरोक्तका श्लोकहरुबाट यो सिद्ध भयोकि अल्लाहले केहीलाई केहीमाथि प्रधानता प्रदान गरेको छ । त त्यसै क्रममा अल्लाहले रमजान महिनालाई अरु महिनाहरुमाथि प्रधानता प्रदान गरेको छ त्यस मध्ये केही निम्न हुन् !

१- रमजानको महिनामा स्वर्गका ढोकाहरु खोलिन्छन् । हदीसमा वर्णन छ :

عن أنس رضي الله عنه أن النبي صلى الله عليه وسلم قال : " هذا شهر رمضان جاءكم تفتح فيه أبواب الجنة وتغلق فيه أبواب النار وتسلسل فيه الشياطين " (أخرجه النسائى فى سننه – كتاب الصيام حديث رقم (٢٠٨٨) وصححه الألبانى فى صحيح سنن النسائى حديث رقم (٢١٠٢) ، وفى صحيح الجامع حديث رقم (٦٩٩٥).

अर्थ : हजरत अनस रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : यो रमजानको महिना आयो, जसमा स्वर्गका ढोकाहरु खोलिन्छन्, र नर्कका ढोकाहरु थुनिन्छन्, र शैतानहरुलाई जंजीरद्वारा

बाँधिन्छ । ( नेसाईले सुनने नेसाईमा २०८८ हदीस संख्यामा वर्णन गर्नु भएछ, र शैख अल्बानीले यस हदीसलाई सही भन्नु भएको छ, हेर्नुस् : सहीह सुनने नेसाई हदीस नं. २१०२, र सहीहुल् जामेअ् हदीस नं.६९९५ )

२- रमजानको महिनामा नर्कको ढोका थुनिन्छ, र उपद्रवी शैतान र जिन्नहरुलाई जन्जीरले बँधिन्छ । जस्तोकि हदीसमा वर्णन छ:

عن أنس رضي الله عنه أن النبي صلى الله عليه وسلم قال : " هذا شهر رمضان جاءكم تفتح فيه أبواب الجنة وتغلق فيه أبواب النار وتسلسل فيه الشياطين " (أخرجه النسائى فى سننه – كتاب الصيام حديث رقم (٢٠٨٨) وصححه الألبانى فى صحيح سنن النسائى حديث رقم (٢١٠٢) ، وفى صحيح الجامع حديث رقم (٦٩٩٥).

अर्थ : हजरत अनस रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : यो रमजानको महिना आयो, जसमा स्वर्गका ढोकाहरु खोलिन्छन्, र नर्कका ढोकाहरु थुनिन्छन्, र शैतानहरुलाई जंजीरद्वारा बाँधिन्छ । ( नेसाईले सुनने नेसाईमा २०८८ हदीस संख्यामा वर्णन गर्नु भएछ, र शैख अल्बानीले यस हदीसलाई सही भन्नु भएको छ,

हेर्नुस् : सहीह सुनने नेसाई हदीस नं. २१०२, र सहीहुल् जनमेअ् हदीस नं.६९९५ )
र आर्को हदीसमा छ :

عن أبي هريرة رضي الله عنه أن النبي صلى الله عليه وسلم قال :" إذا كان أول ليلة من شهر رمضان صفدت الشياطين ومردة الجن ، وغلقت أبواب النار فلم يفتح منها باب .... . " (أخرجه أحمد فى المسند حديث رقم (١٨٤٣٨) ، وأخرجه البيهقى فى شعب الإيمان – فضائل شهر رمضان حديث رقم (٣٤٣٩) وصححه الألبانى فى صحيح الترغيب والترهيب حديث رقم (٩٩٨)٠

अर्थ: अबू हुरैरह रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : जब रमजानको पहिलो रात्री आउँछ त शैतान र उपद्रवी जिन्नहरुलाई जन्जीरद्वारा बाँधिन्छ, र नर्कका ढोकाहरुलाई थुनिन्छ, र त्यसको कुनै ढोका खुलेको अवस्थामा हुँदैन .... । ( मुसनद अहमद हदीस नं. १८४३८, बैहकी हदीस नं. ३४३९, र अल्बानीले यस हदीसलाई सही भन्नु भएको छ हेर्नुस् : सहीहुत्तरगीब वत्तरहीब हदीस नं. ९९८ )

३- रमजानको पहिलो रात्री अति महत्वपूर्ण हुन्छ। हदीसमा वर्णन छ :

عن أبي هريرة رضي الله عنه أن النبي صلى الله عليه وسلم قال :" إذا كان أول ليلة من شهر رمضان صفدت الشياطين ومردة الجن ، وغلقت أبواب النار فلم يفتح منها باب ، وفتحت أبواب الجنة فلم يغلق منها باب ، وينادى مناد كل ليلة : يا باغي الخير أقبل ويا باغي الشر أقصر ، ولله عتقاء من النار وذلك كل ليلة " (أخرجه أحمد فى المسند حديث رقم (١٨٤٣٨) ، وأخرجه البيهقى فى شعب الإيمان – فضائل شهر رمضان حديث رقم (٣٤٣٩) وصححه الألبانى فى صحيح الترغيب والترهيب حديث رقم (٩٩٨)

अर्थ : अबू हुरैरह रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : जब रमजानको पहिलो रात्री आउँछ त शैतान र उपद्रवी जिन्नहरुलाई जन्जीरद्वारा बाँधिन्छ, र नर्कका ढोकाहरुलाई थुनिन्छ, र त्यसको कुनै ढोका खुलेको अवस्थामा हुँदैन, र स्वर्गका ढोकाहरु खोलिन्छन्, त कुनै ढोका बन्द गरिदैन, र प्रतयेक रात्री एउटा पुकार्नेवाला पुकार्छ कि हे भलाइलाई खोज्नेवालाहरु भलाई गर, र हे

बुराई गर्नेवालाहरु बुराईलाई त्याग, र प्रत्येक रात्री अल्लाह नर्कबाट मुक्ति प्रदान गर्छ । ( मुसनद अहमद हदीस नं. १८४३८, बैहकी हदीस नं. ३४३९, र अल्बानीले यस हदीसलाई सही भन्नु भएको छ हेर्नुस् : सहीहुत्तरगीब वत्तरहीब हदीस नं. ९९८ )

र आर्को हदीसमा वर्णन छ :

وعن أبي هريرة رضي الله عنه أن النبي صلى الله عليه وسلم قال :" أتاكم شهر رمضان شهر مبارك فرض الله عليكم صيامه تفتح فيه أبواب الجنة ،وتغلق فيه أبواب الجحيم ، وتغل فيه مردة الشياطين ، وفيه ليلة خير من ألف شهر من حُرم خيرها فقد حُرم " (أخرجه النسائى فى سننه – كتاب الصيام حديث رقم (٢٠٩١) وصححه الألبانى فى صحيح سنن النسائى حديث رقم (٢١٠٥) ، وفى صحيح الجامع حديث رقم (٥٥)

अर्थ : अबू हुरैरह रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : कल्याणकारी रमजानको महिना आयो जस महिनामा अल्लाहले तिमीहरुमाथि व्रत अनिवार्य गरेको छ, यस महिनामा स्वर्गका ढोकाहरुलाई खोलिन्छ, र नर्कका ढोकाहरु थुनिन्छ, र उपद्रवी शैतानहरुलाई जन्जीरद्वारा

बाँधिन्छ, र यस महिनामा एउटा यस्तो रात्री आउँछ जसमा गरिएको पूजा हजार महिनामा गरिएको पूजाभन्दा अधिक ठहर हुन्छ, त जुन व्यक्ति यस रात्रीको भलाईबाट बंचित रह्यो त वास्तवमा त्यो भलाईबाट बंचित नै रह्यो । ( नेसाई हदीस नं. २०९१, र इमाम अल्बानीले यस हदीसलाई सही भन्नु भएको छ, हेर्नुस् : सहीह नेसाई हदीस नं. २१०५, सहीहुल् जामेअ् हदीस नं. ५५ )

र आर्को हदीसम वर्णन छ :

عن أبي هريرة رضي الله عنه أن النبي صلى الله عليه وسلم قال: " إذا دخل شهر رمضان فتحت أبواب الجنة وغلقت أبواب جهنم وسلسلت الشياطين " (أخرجه البخارى فى صحيحه – كتاب الصوم – باب هل يقال رمضان أو شهر رمضان حديث رقم (١٨٠٩) ، وأخرجه مسلم فى صحيحه – كتاب الصيام – باب فضل شهر رمضان حديث رقم (١٨٥٨)

अर्थ : अबू हुरैरह रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : जब रमजानको महिना आउँछ त स्वर्गका ढोकाहरु खोलिन्छन्, र नर्कका ढोकाहरु थुनिन्छन्, र शैतानहरुलाई जंजीरद्वारा

बाँधिन्छन् । ( बुखारी हदीस नं. १९०९, मुस्लिम हदीस नं. १८५८ )

४- रमजान महिनाको व्रत बस्नाले पापहरु नष्ट भइहाल्छन् । हदीसमा वर्णन छ :

عن أبي هريرة رضي الله عنه ، أن رسول الله صلى الله عليه وسلم كان يقول "الصلواتُ الخمسُ ، والجمعةُ إلى الجمعةِ ، ورمضانُ إلى رمضانَ ، مكفِّراتُ ما بينهنَّ إذا اجتَنَبَ الكبائر" (أخرجه مسلم في صحيحه – كتاب الطهارة – باب الصلوات الخمس والجمعة إلى الجمعة حديث رقم (٣٧٠)

अर्थ : अबू हुरैरह रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : कि पाँच बखतको नमाज, र एउटा जुमअःको नमाज त्यस जुमअःदेखि आर्को जुमअः सम्म, र एक रमजानको व्रत त्यस रमजानदेखि आर्को रमजान सम्मका ठूलो पापहरु बाहेक समस्त पापलाई नष्ट गरिदिन्छ । ( मुस्लिम हदीस नं. ३७० )

र आर्को हदीसमा वर्णन छ :

وعن أنس رضى الله عنه أن النبي صلى الله عليه وسلم جاء فصعد المنبر فقال : « آمين » . ثم قال « آمين » . ثم قال « آمين » ، قال : « أتاني جبريل فقال : من ذكرت عنده فلم يصل عليك ، فدخل النار فأبعده الله ، فقلت : آمين ، ومن أدرك أحد والديه

فدخل النار فأبعده الله ، فقلت : آمين ، ومن أدرك رمضان فلم يغفر له فأبعده الله ، فقلت : آمين »
(أخرجه الحافظ ابن شاهين فى فضائل رمضان حديث ٦ )

अर्थ : हजरत अनस रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लम अउनु भयो र मिम्बरमाथि चढनु भयो अनि भन्नु भयो : आमीन, फेरि भन्नु भयो: आमीन, र फेरि भन्नु भयो: आमीन, र भन्नु भयो हजरत जिब्रील आएर मसित भन्नु भयो : जुन व्यक्ति निकट तपाईको चर्चा गरियोस् र त्यो व्यक्ति तपाईमाथि दरुद नपठाओस् र यसैकारण नर्कमा हालियासे्, त अल्लाह त्यसलाई आफ्नो कृपाबाट बंचित गरोस्, त मैले भनें आमीन । र हजरत जिब्रीलले भन्नु भयो: जुन व्यक्तिले आफ्नो आमा बुवा मध्ये कसै एकको जीवनलाई पायो तर (उहाँको अवज्ञा गरेको कारण) नर्कमा हालियो, त अल्लाह यस्तो व्यक्तिलाई आफ्नो कृपाबाट टाढा राखुन्, त मैले भनें आमीन । र हजरत जिब्रीलले भन्नु भयो: जुन व्यक्तिले रमजानको महिना पायो तर त्यसका पापहरुलाई क्षमा गरिएन, त अल्लाह यस्तो

व्यक्तिलाई आफ्नो कृपाबाट टाढा राखुन्, त मैले भनें आमीन । ( यस हदीसलाई हाफिज इब्ने शाहीनले फजाइले रमजानमा वर्णन गर्नु भएको छ, हदीस नं. ६ )

५- रमजान महिनामा गरिएको उमराको पुण्यमा वृद्धि गरिन्छ बरु त्यसको पुण्य हज्जको पुण्य समान भइहाल्छ । जस्तोकि हदीसमा वर्णन छ :

عن ابن عباس رضي الله تعالى عنهما قال : قال رسول الله صلى الله عليه وسلم "عُمرة في رمضان تعدل حَجَّةً" (أخرجه مسلم فى صحيحه – كتاب الحج – باب فضل العمرة فى رمضان حديث رقم (٢٢٧٦)

अर्थ : हजरत इब्ने अब्बास रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः कि रमजानमा गरिएको उमरा हज्ज भैं भइहाल्छ । ( मुस्लिम हदीस नं. २२७६ )

६- रमजानको महिनामा नै कुरआन अवतरित गरियो । जस्तोकि अल्लाहको भनाई छ :

﴿ شَهۡرُ رَمَضَانَ ٱلَّذِيٓ أُنزِلَ فِيهِ ٱلۡقُرۡءَانُ هُدٗى لِّلنَّاسِ وَبَيِّنَٰتٖ مِّنَ ٱلۡهُدَىٰ وَٱلۡفُرۡقَانِۚ فَمَن شَهِدَ

مِنكُمُ ٱلشَّهْرَ فَلْيَصُمْهُ ۖ وَمَن كَانَ مَرِيضًا أَوْ عَلَىٰ سَفَرٍ
فَعِدَّةٌ مِّنْ أَيَّامٍ أُخَرَ ۗ يُرِيدُ ٱللَّهُ بِكُمُ ٱلْيُسْرَ وَلَا
يُرِيدُ بِكُمُ ٱلْعُسْرَ وَلِتُكْمِلُوا۟ ٱلْعِدَّةَ وَلِتُكَبِّرُوا۟ ٱللَّهَ
عَلَىٰ مَا هَدَىٰكُمْ وَلَعَلَّكُمْ تَشْكُرُونَ ﴿١٨٥﴾

البقرة: ١٨٥

अर्थ : रमाजानको महिना त्यो हो जुन महिनामा कुरआन उतारियो, जो मानिसहरूको लागि पथ प्रदर्शक हो र जसमा मार्गदर्शन र सत्य र असत्यलाई छुट्टयाउने निशानीहरू छन् । तिमीहरूमध्ये जसले पनि यो महिना पाओस् त्यसले पूरा महिनाको ब्रत बसोस् हो, जो बिरामी छ अथवा यात्रामा छ ऊ अन्य दिनहरूमा (ब्रत बसी) त्यसको गणना पूरा गरोस् । अल्लाह तिम्रो निम्ति सुविधा चाहन्छ कठोरता चाहदैन । उसले चाहन्छ कि तिमीले (रोजाको) गिन्ती पूरा गर र अल्लाहले मार्गदर्शन गरेवापत उसको प्रशंसा वर्णन गर, ताकि उसप्रति कृतज्ञ बन्न सक । ( सूरतुल् बकर: १८५ )

र हदीसमा वर्णन छ :

عن واثلة بن الأسقع أن رسول الله -صلى الله عليه وسلم- قال « أنزلت صحف إبراهيم عليه السلام فى أول ليلة من رمضان وأنزلت التوراة لست مضين من رمضان والإنجيل لثلاث عشرة خلت من رمضان وأنزل القرآن لأربع وعشرين خلت من رمضان » (أخرجه أحمد فى مسنده حديث:١٦٦٧٨ وحسنه الألبانى فى صحيح الجامع حديث رقم ١٤٩٧)

अर्थ : हजरत वासला रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: कि सुहुफे इब्राहीम ( हजरत इब्राहीममाथि अवतरित गरिएको ग्रन्थ) रमजान महिनाको पहिलो रात्रीमा अवतरित गरियो, र तौरात रमजान महिनाको ६ दिन बिते पश्चात अवतरित गरियो, र इन्जील रमजान महिनाको १३ दिन पश्चात अवतरित गरियो, र कुरआन रमजान महिनाको २४ दिन बिते पश्चात अवतरित गरियो । ( मुस्नद अहमद हदीस नं.१६६७८, र यस हदीसलाई शैख अल्बानीले हसन भन्नु भएको छ, हेर्नुस्: सहीहुल् जामेअ् हदीस नं. १४९७ )

७- रमजानको महिनामा नै त्यो सम्मानित रात्री लैलतुल् कदर छ । जस्तोकि अल्लाहको भनाई छ :

﴿ إِنَّآ أَنزَلۡنَٰهُ فِي لَيۡلَةِ ٱلۡقَدۡرِ ١ وَمَآ أَدۡرَىٰكَ مَا لَيۡلَةُ ٱلۡقَدۡرِ ٢ لَيۡلَةُ ٱلۡقَدۡرِ خَيۡرٞ مِّنۡ أَلۡفِ شَهۡرٖ ٣ تَنَزَّلُ ٱلۡمَلَٰٓئِكَةُ وَٱلرُّوحُ فِيهَا بِإِذۡنِ رَبِّهِم مِّن كُلِّ أَمۡرٖ ٤ سَلَٰمٌ هِيَ حَتَّىٰ مَطۡلَعِ ٱلۡفَجۡرِ ٥ ﴾ القدر: ١ - ٥

अर्थ : हामीले यस (कुरआन) लाई क़द्रको रातमा अवतरित गर्‍यौं । र तिमीलाई के थाहा कि शबे क़द्र (गौरवको रात्री) के हो ? शबे क़द्र एक हजार महीनाभन्दा राम्रो छ । यसमा रूहुल अमीन (जिब्राइल) र फरिश्ताहरू प्रत्येक काम सम्पन्न गर्नको लागि, आफ्नो पालनकर्ताको आदेशबाट अवतरित हुन्छन् । यो रात पूर्णतया शान्ति र भलाईको हो, उषाकालको उदय हुनेसम्म । ( सूरतुल् कद्र १-५ )

र हदीसमा वर्णन छ :

وعن أبي هريرة رضي الله عنه أن النبي صلى الله عليه وسلم قال :" أتاكم شهر رمضان شهر مبارك فرض الله عليكم صيامه تفتح فيه أبواب الجنة وتغلق فيه أبواب الجحيم ، وتغل فيه مردة،

الشياطين ، وفيه ليلة خير من ألف شهر من حُرم خيرها فقد حُرم " (أخرجه النسائى فى سننه – كتاب الصيام حديث رقم (٢٠٩١) وصححه الألبانى فى صحيح سنن النسائى حديث رقم (٢١٠٥) ، وفى صحيح الجامع حديث رقم (٥٥)

अर्थ : अबू हुरैरह रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : कल्याणकारी रमजानको महिना आयो जस महिनामा अल्लाहले तिमीहरुमाथि व्रत अनिवार्य गरेको छ, यस महिनामा स्वर्गका ढोकाहरुलाई खोलिन्छ, र नर्कका ढोकाहरु थुनिन्छ, र उपद्रवी शैतानहरुलाई जन्जीरद्वारा बाँधिन्छ, र यस महिनामा एउटा यस्तो रात्री आउँछ जसमा गरिएको पूजा हजार महिनामा गरिएको पूजाभन्दा अधिक ठहर हुन्छ, त जुन व्यक्ति यस रात्रीको भलाईबाट बंचित रह्यो त वास्तवमा त्यो भलाईबाट बंचित नै रह्यो । ( नेसाई हदीस नं. २०९१, र इमाम अल्बानीले यस हदीसलाई सही भन्नु भएको छ, हेर्नुस् : सहीह नेसाई हदीस नं. २१०५, सहीहुल् जामेअ् हदीस नं. ५५ )

८- यसै रमजानको महिनामा तरावीहको नमाज जमाअतको साथ कायम गरिन्छ । र

तरावीहको अर्थ हो रात्रीमा पढिने नफिल नमाज जसलाई अरबीमा कियामुल्लैल भनिन्छ । र यसलाई ८ रकअत पढनु सुन्नत हो र त्यसभन्दा अधिक र कम पनि पढन सकिन्छ । तर रसूल सल्लल्लाहो अलैहे वसल्लमले ८ रकअत पढनु भएको छ जस्तोकि हजरत आइशा रजिअल्लाहो अन्हाको हदीसमा वर्णन छ :

"كان - صلَّى الله عليْه وسلَّم - يصلِّي إحْدَى عشرة ركعةً، " **(بخاري مسلم)**

अर्थ : हजरत आइशा भन्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लम ११ रकअत पढनु हुन्थ्यो । (अर्थात ८ रकअत तरावीह र तीन रकअत वित्र ।) ( बुखारी , मुस्लिम )

त प्रष्ट यो भयोकि रसूल सल्लल्लाहो अलैहे वसल्लम ८ रकअत पढनु हुन्थ्यो त हामी पनि सुन्नत बुझ्रेर ८ पढन् सक्छौं र नफिल बुझ्रेर त्यसभन्दा कम र अधिक पनि गर्न सक्छौं । यस्तै यसलाई जमाअतले पढनु राम्रो र उत्तम मानिन्छ तर एकलै पनि पढन सकिन्छ जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले तीन दिन सहाबाको साथ जमाअतले पढनु भएको थियो र २७ दिन एकलै आफ्नो कोठाभित्र पढनु

भएको थियो । त यस तरावीहको आयोजना गर्नुको अति श्रेष्ठता प्रमाणित छ हदीसमा वर्णन छ :

عن أبي هريرة أن رسول الله صلى الله عليه وسلم قال : " من قام رمضان إيمانا واحتسابا ، غفر له ما تقدم من ذنبه " (أخرجه البخاري فى صحيحه - كتاب صلاة التراويح- باب فضل من قام رمضان – حديث رقم(١٩٢٠) ، وأخرجه مسلم فى صحيحه - كتاب صلاة المسافرين وقصرها- باب الترغيب في قيام رمضان - حديث رقم (١٣٠٦)

अर्थ : अबू हुरैरह रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : जसले रमजान महिनाको रात्रीमा कयाम गर्छ ईमानको अवस्थामा र पुण्यको आशाले त त्यसका विगतका समस्त पापहरु क्षमा गरिन्छ । ( बुखारी हदीस नं. १९२०, मुस्लिम हदीस नं. १३०६ )

९- रमजान नै त्यो महिना हो जसमा एतकाफ बसिन्छ । एतकाफ त कुनै महिनामा पनि बस्न सकिन्छ तर रमजान महिनामा त्यसको पुण्य दोब्बर दिइन्छ यसै कारण अधिकतम मानछेहरु यसै महिनामा एतकाफको आयोजना गर्छन् । र

यसको श्रेष्ठता कसैसित लुकेको कुरा होइन । हदीसमा वर्णन छ :

عن عائشة رضي الله عنها ، - زوج النبي صلى الله عليه وسلم - : " أن النبي صلى الله عليه وسلم ، كان يعتكف العشر الأواخر من رمضان حتى توفاه الله ، ثم اعتكف أزواجه من بعده " (أخرجه البخاري فى صحيحه - كتاب الاعتكاف باب الاعتكاف في العشر الأواخر - حديث رقم (١٩٣٧)

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमकी स्वास्नी हजरत आइशा रजिअल्लाहो अन्हा वर्णन गर्छिन् कि रसूल सल्लल्लाहो अलैहे वसल्लम रमजान महिनाको तेस्रो खण्डमा ( अन्तिम दश दिनमा) एतकाफ बस्थे यहाँ सम्मकि उहाँको स्वर्गबास भयो, फेरि उहाँकी स्वास्नीहरुले यसकार्यलाई एतकाफ बसेर निरंतरता दिइन् । ( बुखारी हदीस नं. १९३७ )

रमजानको महिना कुरआनलाई पाठ गर्ने र दान दिने महिना हो । हदीसमा वर्णन छ :

عن ابن عباس ، قال : " كان رسول الله صلى الله عليه وسلم أجود الناس ، وكان أجود ما يكون في رمضان حين يلقاه جبريل ، وكان يلقاه في كل ليلة من رمضان فيدارسه القرآن ، فلرسول الله صلى الله

عليه وسلم أجود بالخير من الريح المرسلة "
(أخرجه البخاري فى صحيحه - كتاب الصوم-
باب : أجود ما كان النبي صلى الله عليه وسلم
يكون - حديث: ( ١٨١٢ )

अर्थ : इब्ने अब्बास रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लम सबैभन्दा ठूलो दानी ( उदारक) थे, र त्यस बखत अरु ठूलो दानी भइहालथे जब रमजानको महिनामा हजरत जिब्रील उहाँसित भेट्दथे, र हजरत जिब्रील रमजानमा उहाँसित प्रत्येक रात्री भेट्थे र कुरआनको पाठन गराउँथे, त रसूल सल्लल्लाहो अलैहे वसल्लम वायु भन्दा अधिक दानी भइहाल्थे । ( बुखारी हदीस नं. १८१२ )

१०- मात्र यसै महिनामा अल्लाहले व्रतलाई अनिवार्य गरेको छ, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ كُتِبَ عَلَيۡكُمُ ٱلصِّيَامُ كَمَا كُتِبَ عَلَى ٱلَّذِينَ مِن قَبۡلِكُمۡ لَعَلَّكُمۡ تَتَّقُونَ ١٨٣ ﴾ البقرة: ١٨٣

अर्थ : आस्थावानहरू हो! (मोमिनहरू) तिमीलाई रोजा राख्नु अनिवार्य गरिएको छ

जसरी तिमीभन्दा पहिलेका मानिसहरूलाई अनिवार्य गरिएको थियो । जसबाट कि तिमी संयमी बन्न सक । ( सूरतुल बकर: १८३ )
र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ شَهْرُ رَمَضَانَ ٱلَّذِىٓ أُنزِلَ فِيهِ ٱلْقُرْءَانُ هُدًى لِّلنَّاسِ وَبَيِّنَٰتٍ مِّنَ ٱلْهُدَىٰ وَٱلْفُرْقَانِ ۚ فَمَن شَهِدَ مِنكُمُ ٱلشَّهْرَ فَلْيَصُمْهُ ۖ وَمَن كَانَ مَرِيضًا أَوْ عَلَىٰ سَفَرٍ فَعِدَّةٌ مِّنْ أَيَّامٍ أُخَرَ ۗ يُرِيدُ ٱللَّهُ بِكُمُ ٱلْيُسْرَ وَلَا يُرِيدُ بِكُمُ ٱلْعُسْرَ وَلِتُكْمِلُوا۟ ٱلْعِدَّةَ وَلِتُكَبِّرُوا۟ ٱللَّهَ عَلَىٰ مَا هَدَىٰكُمْ وَلَعَلَّكُمْ تَشْكُرُونَ ١٨٥ ﴾

البقرة: ١٨٥

अर्थ : रमाजानको महिना त्यो हो जुन महिनामा कुरआन उतारियो, जो मानिसहरूको लागि पथ प्रदर्शक हो र जसमा मार्गदर्शन र सत्य र असत्यलाई छुट्टयाउने निशानीहरू छन् । तिमीहरूमध्ये जसले पनि यो महिना पाओस् त्यसले पूरा महिनाको व्रत बसोस् हो, जो बिरामी छ अथवा यात्रामा छ ऊ अन्य दिनहरूमा (व्रत बसी) त्यसको गणना पूरा

गरोस् । अल्लाह तिम्रो निम्ति सुविधा चाहन्छ कठोरता चाहदैन । उसले चाहन्छ कि तिमीले ( रोजाको) गिन्ती पूरा गर र अल्लाहले मार्गदर्शन गरेवापत उसको प्रशंसा वर्णन गर, ताकि उसप्रति कृतज्ञ बन्न सक । ( सूरतुल् बकर: १८५ )

११- मनुष्य सबै कार्य आफ्नो लागि गर्छ तर व्रत अल्लाहको लागि विशेष छ । जस्तोकि हदीसमा वर्णन छ :

عن أبي هريرة رضي الله عنه قال : سمعت رسول الله صلى الله عليه وسلم يقول : قال الله عز وجل : كل عمل ابن آدم له إلا الصيام هو لي وأنا أجزي به ، فو الذي نفس محمد بيده لخلفة فم الصائم أطيب عند الله من ريح المسك ( روه مسلم )

अर्थ : अबू हुरैरह रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई मैले भन्दै सुनेको छु कि अल्लाहले भनेका छन् कि मानवजातिको समस्त कार्य त्यसैको लागि हो व्रत बाहेक, किनकि व्रत मेरो लागि हो र म नै त्यसको प्रतिफल दिने छु, त त्यस जातको शपथ जसको हातमा मुहम्मदको ज्यान छ व्रतालुको मुखको सुगन्ध अल्लाहको

निकट मिसक भन्दा रोम्रो सुगन्धित हुन्छ । ( मुस्लिम )

१२- स्वर्गको एउटा ढोका मात्र व्रतालुहरुको लागि विशेष हुने छ । जस्तोकि हदीसमा वर्णन छ :

عن سهل بن سعد أن النبي صلى الله عليه وسلم قال: إن في الجنة باباً يقال له: الريّان، يدخل منه الصائمون يوم القيامة ، لا يدخل منه أحد غيرهم، يقال : أين الصائمون: فيقومون، فإذا دخلوا أغلق، فلم يدخل منه أحد، ( رواه البخاري ومسلم )

अर्थ : हजरत सहल इब्ने सअद रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: स्वर्गमा एउटा रैयान नामक ढोका छ, जसद्वारा व्रतालुहरु प्रलयको दिन स्वर्गमा प्रवेश गर्छन् र यिनीहरु बाहेक कोही पनि यस द्वारबाट प्रवेश गर्दैनन्, अनि भनिन्छ कि व्रतालुहरु कहाँ छन् त व्रतालुहरु त्यस ढोकातर्फ लाग्छन्, अनि जब उनीहरु त्यस ढोकामा प्रवेश गरिहाल्छन् त त्यस ढोकालाई बन्द गरिन्छ, र उनी पश्चात कोही पनि त्यसमा प्रवेश पाउने छैन । ( बुखारी, मुस्लिम )

रमजानको श्रेष्ठताको बारेमा केही जईफ हदीसहरुको वर्णन

रमजान महिनाको श्रेष्ठता त प्रमाणित नै छ तर यसको लागि जईफ हदीसहरुलाई वर्णन गर्नु उचित छैन बरु रमजानको श्रेष्ठताको लागि सही हदीसहरु नै प्रयाप्त छन् । निम्नमा केही बहुचर्चित जईफ हदीसहरुलाई वर्णन गर्छु जुन रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छैनन् ।

पहिलो हदीस:

" شهر رمضان أوله رحمة وأوسطه مغفرة وآخره عتق من النار" ( كتاب الضعفاء للعقيلي ٢/١٦٢ ، كتاب الكامل في ضعفاء الرجال لابن عدي ١/١٦٥ ، كتاب علل الحديث لابن أبي حاتم ١/٢٤٩ ،سلسلة الأحاديث الضعيفة والموضوعة للألباني ٢/٢٦٢ )

अर्थ : रमजान महिनाको आरम्भ रहमत हो, र मध्यान (बीच) क्षमा हो, र अन्त्य नर्कबाट स्वतन्त्रता हो ।

यस हदीसको हुकुम: यो हदीस जईफ छ, हेर्नुस् : ( किताबुज्जुअ्फाअ् लिल् अकीली १६२/२, किताबुल् कामिल फी जुअ्फाइर रेजाल लेइब्ने अदी १६५/१, किताब इललुल् हदीस लेइब्ने अबी हातिम २४९/१, सिलसिलतुल्

अहादीस्सुज्जईफा वल मौजूआ लिल अल्बानी २६२/२ )

दोस्रो हदीस:

" صوموا تصحوا " (تخريج الأحياء للعراقي ٣/٧٥ ، الكامل في ضعفاء الرجال لأبن عدي ٢/٣٥٧ ، الشذرة في الأحاديث لابن طولون ١/٤٧٩ ، الفوائد المجموعة في الأحاديث الموضوعة للشوكاني ١/٢٥٩ ، المقاصد الحسنة للسخاوي ١/٥٤٩ ، كشف الخفاء للعجلوني ٢/٥٣٩ ، سلسلة الأحاديث الضعيفة والموضوعة للألباني ١/٤٢٠ )

अर्थ : व्रत बस र कुशल मंगल रह ।

यस हदीसको हुकुम: यो हदीस जईफ छ, हेर्नुस् : ( तख्रीजुल अहयाअ् लिल इराकी ७५/३ , अल् कामिल फी जोअफाइर्रेजाल लेइब्ने अदी ३५७/२, अश्शजरह फिल अहादीस लेइब्ने तौलोन ४७९/१ , अल फवाइदुल् मजमूअह फिल अहादीसिल् मौजूअह लिश्शौकानी २५९/१, अल् मकासेदुल् हसनह लिस्सखावी ५४९/१, कशफुल् खफा लिल अजलूनी ५३९/२, सिलसिलतुल् अहादीसज्जईफा वल् मौजूअह लिल् अल्बानी ४२०/१ )

तेस्रो हदीस:

" من أفطر يوما من رمضان من غير عذر ولا مرض لم يقضه صوم الدهر وإن صامه " ( فتح الباري للحافظ ابن حجر ٤/١٦١ ، مشكاة المصابيح تحقيق للألباني ١/٦٢٦ ، ضعيف سنن الترمذي للألباني حديث رقم ١١٥ ، كتاب العلل الواردة في الأحاديث للدار قطني )

अर्थ : जसले रमजान महिनाको व्रतलाई अकारण एक दिन पनि त्याग्यो भने चाहे त्यो पूर्ण जमानाको व्रत बसोस त्यसको पूर्ति गर्न सक्दैन ।

यस हदीसको हुकुम: यो हदीस जईफ छ, हेर्नुस् : ( फतहुल्बारी लिल् हाफिज इब्ने हजर १६१/४, मिश्कातुल मसाबीह तहकीक लिल् अल्बानी ६२६/१, जईफ सुनन्तिर्मिजी लिल् अल्बानी हदीस नं. ११५, किताबुल् इललुलवारेदह फिल अहादीस लिद्दार कुतनी )

चौथो हदीस:

" إن لله عند كل فطر عتقاء من النار " ( تنزيه الشريعة للكناني ٢/١٥٥ ، الفوائد المجموعة في الأحاديث الموضوعة للشوكاني ١/٢٥٧ ، الكشف الالهي عن شديد الضعيف والموضوع والواهي للطرابلسي ١٢/٢٣٠ ، ذخيرة الحفاظ للقيسراني

٢/٩٥٦ ، شعب الإيمان للبيهقي ٣/٣٠٤ ، الكامل في ضعفاء الرجال لابن عدي ٢/٤٥٥ )

अर्थ : प्रत्येक इफ्तारीको समय अल्लाह नर्कबाट मुक्ति प्रदान गर्छन् ।

यस हदीसको हुकुमः यो हदीस जईफ छ, हेर्नुस् : - तन्जीहुश्शरीअह लिल किन्नानी १५५/२, अल फवाइदुल् मजमूअह फिल अहादीसिल् मौजूअह लिश्शौकानी २५७/१, अल् कश्फुल् इलाही अन शदीदिज्जईफे वल मौजूअे वल् वाही लित्तराबलसी २३०/१२, जखीरतुल् हुफ्फाज लिल कैसरानी ९५६/२, शअ्बुल् ईमान लिल बैहकी ३०४/३, अल कामिल फी जुअ्फाइर्रेजाल लेइब्ने अदी ४५५/२ )

पाँचौं दीसः

" لو يعلم العباد ما في رمضان لتمنت أمتي أن يكون رمضان السنة كلها، إن الجنة لتتزين لرمضان من رأس الحول إلى الحول ...... " ( الموضوعات لابن الجوزي ٢/١٨٨ ، الفوائد المجموعة في الأحاديث الموضوعة للشوكاني ١/٢٥٤ ، مجمع الزوائد للهيثمي ٣/١٤١ )

अर्थ : यदि सेवकहरुलाई यो थाहा हुन्थ्यो कि रमजानको महिना भित्र के छ भने त मेरा अनुयायीहरु यो इच्छा गर्थे कि पूर्ण साल

रमजान नै रहोस्, र स्वर्गलाई रमजानको लागि सालको आरम्भबाट अन्त सम्म सजाइन्छ श्रींगार गराइन्छ ।

यस हदीसको हुकुम: यो हदीस जईफ छ, हेर्नुस् : ( अल् मौजूआत लेइब्नुल् जौजी १८८/२, अल फवाइदुल् मजमूअह फिल अहादीसिल् मौजूअह लिश्शौकानी २५४/१, मजमउज्जवाइद लिल हैस्मी १४१/३ )

छठौं हदीस:

" اللهم بارك لنا في رجب وشعبان، وبلغنا رمضان " ( كتاب الأذكار للنووي ، ميزان الإعتدال للذهبي ٣/٩٦ ، مجمع الزوائد للبيهقي ٢/٦٥ ، ضعيف الجامع للألباني )

अर्थ : हे अल्लाह हामीहरुको लागि रजब र शअ्बान महिना भित्र कल्याण राखिदेऊ, र हामीलाई रमजानबाट लाभान्वित हुने सुअवसर प्रदान गर ।

यस हदीसको हुकुम: यो हदीस जईफ छ, हेर्नुस् : ( किताबुल् अज्कार लिन्नववी, मिजानुल् एअ्तदाल लिज्जहबी ९६/३, मजमउज्जवाइद लिल बैहकी ६५/२, जईफुल जामेअ् लिल् अल्बानी )

सातौं हदीस:

" أن النبي صلى الله عليه وسلم كان يقول عند الإفطار: اللهم لك صمت وعلى رزقك أفطرت " ( خلاصة البدر المنير لابن الملقن ١/٣٢٧ ، حديث رقم ١١٢٦ ، تلخيص الحبير للحافظ ابن حجر ٢/٢٠٢ حديث رقم ٩١١ ، الأذكار للنووي ص ١٧٢ ، مجمع الزوائد للهيثمي ٣/١٥٦ ، ضعيف الجامع للألباني حديث رقم ٤٣٤٩ )

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लम इफ्तार गर्ने समय भन्नुहुन्थ्यो: हे अल्लाह म तिम्रो लागि नै व्रत बसेको छु, र तिम्रै अनुकम्पाबाट इफ्तार गरिराखेको छु ।

यस हदीसको हुकुम: यो हदीस जईफ छ, हेर्नुस् : ( खुलासतुल् बदरुल् मुनीर लेइब्नुल् मुलक्कन ३२७/१ हदीस नं. ११२६, तलखीसुल हबीर लिल हाफिज इब्ने हजर २०२/२, हदीस नं. २११, अल् अजकार लिन्नववी पे.नं.१७२, मजमउज्जवाइद लिल हैसमी १५६/३, जईफुल जामेअ् लिल अल्बानी हदीस नं. ४३४९ )

**व्रतालुहरुको लागि केही महत्वपूर्ण उपदेशहरु**

हामी सालका सबै महिनाहरुमा त केही नकेही त्रुटि गर्दै रहन्छौं तर रमजान महिनामा केही कुराहरुमाथि ध्यान दिनु अति आवशयक छ । जसरी गाली गलोज नगर्नु, चोरी नगर्नु, झूठ

नबोल्नु, अधिक भन्दा अधिक सुकर्म गर्नु, दान गर्नु, असहायको सहायता गर्नु, कुरआनको पाठ गर्नु, तरावीहको आयोजना गर्नु, निमुखालाई खाना खुवाउनु वा इफ्तार गराउनु, ......आदि ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शितल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौं त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# समाप्त

*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका वॉड नं.९**

**महुवा तौलिहवा कपिलवस्तु**

**नेपाल**

Mob. No.00977-9847030780-9727649238

00966-0501372254

Email-atiqkhannp1982@yahoo.com